# <u>कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०७९</u>

माननीय मन्त्रिस्तरवाट स्वीकृत मितिः २०७९/६/१४

**<u>प्रस्तावनाः</u>** कृषि तथा पशुपन्छी क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक र गैर प्राकृतिक विपद्‌बाट नकरात्मक असर पुगेको कृषि पेशालाई पुर्नस्थापना गर्न र पिडित कृषक परिवारलाई राहत उपलब्ध गराउन विनियोजन ऐन २०७९ को दफा ९ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि", २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"कृषि क्षेत्र"** भन्नाले कृषि र पशुपन्छी क्षेत्र समेत सम्झनु पर्छ ।

(ख) **"राहत"** भन्नाले प्रदेश सरकारले कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा परेको विपद् प्रभावित परिवारलाई उपलब्ध गराईने नगद तथा जिन्सी लगायतका सेवा सुविधा सम्झनु पर्छ ।

(ग) **"विपद्"** भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद्‌लाई सम्झनु पर्छ ।

(घ) **"प्राकृतिक विपद्"** भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भुस्खलन, डुबान, कटान, पटान, खडेरी, आँधी, हुरी, बतास, शितलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो लगायत अन्य प्राकृतिक विपद्‌बाट कृषि तथा पशुपन्छी क्षेत्रमा परेको जुनसुकै विपद् सम्झनु पर्छ ।

(ङ) **"गैर प्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरूङ्गीमा हुने फ्लु, बंगुरमा हुने अफ्रिकन स्वाइन फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचना क्षति तथा विपद् व्यवस्थापन कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्‌बाट कृषि तथा पशुपन्छी क्षेत्रमा परेको विपद् सम्झनु पर्छ ।

(च) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(छ) **"मन्त्रालय"** भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ज) **"कार्यालय"** भन्नाले कृषि क्षेत्रको हकमा कृषि ज्ञान केन्द्र र पशुपन्छी तथा मत्स्य क्षेत्रको हकमा भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(झ)**"निर्देशनालय"** भन्नाले कृषि क्षेत्रको हकमा कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य क्षेत्रको हकमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(ञ)**"विपद् व्यवस्थापन"** भन्नाले कृषि तथा पशुपन्छी क्षेत्रमा विपद् जोखिम न्युनीकरण, विपद् पूर्व तयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलापहरु सम्झनु पर्छ ।

(ट)**"कृषि क्षेत्र"** भन्नाले खेत, बारी बैंगचा र फर्ममा रहेका खडा बाली बस्तु विशेष र कृषि पूर्वाधारमा उत्पादन देखि बजारीकरणको अवस्थासम्मका क्रियाकलापहरु सम्झनु पर्छ ।

(ठ)**"पशुपन्छी क्षेत्र"** भन्नाले पशुपन्छीपालन, मत्स्यपालन र सम्बन्धित पूर्वाधारमा उत्पादन देखि बजारीकरणको अवस्थासम्मका क्रियाकलापहरु सम्झनु पर्छ ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. राहत व्यवस्थापन तथा निर्देशन समितिः (१) मन्त्रालयस्तरमा देहाय बमोजिमको "राहत व्यवस्थापन तथा निर्देशन समिति" गठन गरिनेछः

| | | | |
|---|---|---|---|
| (क) | माननीय मन्त्री | मन्त्रालय | अध्यक्ष |
| (ख) | माननीय राज्यमन्त्री | मन्त्रालय | सदस्य |
| (ग) | सचिव | मन्त्रालय | सदस्य |
| (घ) | प्रमुख | कृषि विकास निर्देशनालय | सदस्य |
| (ङ) | निर्देशक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| (च) | अधिकृत | मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| (छ) | अधिकृत | आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख | कृषि विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (झ) | प्रमुख | पशुपंक्षी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| (ञ) | प्रमुख | योजना तथा अनुगमन महाशाखा,मन्त्रालय | सदस्य सचिव |

(२) राहत व्यवस्थापन तथा निर्देशन समितिले आवश्यकता ठानेमा बढीमा ३ जना सम्म कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) राहत व्यवस्थापन तथा निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) आपतकालिन तथा आकस्मिक क्षति न्युनिकरण कार्यक्रममा राहत रकमको सीमा तोक्ने,

(ख) राहतको लागि सिफारीस सहित पेश हुन आएको कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा प्राविधिक टोलि गठन गरी फिल्ड प्रमाणिकरण कार्य पुनः गराउन सक्नेछ,

(ग) राहत रकम स्वीकृत गर्ने ।

४. <u>राहत व्यवस्थापन सिफारीस समिति</u>ः (१) राहत सिफारीस गर्न सम्बन्धित जिल्लामा देहाय बमोजिमको "राहत व्यवस्थापन सिफारिस समिति" गठन गरिनेछः

| | |
|---|---|
| क. प्रमुख, जिल्ला समन्वय समिति | -संयोजक |
| ख. प्रमुख/प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| ग. प्रमुख/प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय | -सदस्य |
| घ. जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समिति | -सदस्य |
| ङ. प्रमुख, कार्यालय | - सदस्य सचिव |

(२) राहत सिफारिस समितिले आवश्यकता ठानेमा बढीमा २ जना सम्म कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-२
## <u>विपद्बाट हुने क्षतिको किसिम र राहत प्रदान गर्ने आधार</u>

५. <u>राहत प्रदान गर्ने आधारभूत मान्यताः</u> (१) सम्बन्धित स्थानीय तहमा विपद् पिडितलाई क्षतिका आधारमा सिमा रकम तोकी राहत रकम उपलब्ध गराईनेछ ।

(२) मौसम अनुसार समयमै खेती/पालन व्यवसाय संचालन हुन नसकेको अवस्थामा कार्यक्रम गर्न बीउ/बेर्ना/नश्ल तथा मल वा दाना खरिद गर्न पिडित कृषकलाई राहत उपलब्ध गराईनेछ ।

६. <u>आपतकालिन तथा आकस्मिक क्षतिको किसिमः</u> आपतकालिन अवस्थामा भएको देहाय बमोजिमको क्षतिलाई राहत सहयोग प्रदान गरिनेछः

(क) कृषि बाली बस्तु विशेष क्षेत्रको हकमा विपदवाट पूर्ण रुपमा वा आंशिक रुपमा नोक्सानी भएमा,

(ख) पशुपन्छी क्षेत्रको हकमा विपद्को घटनाबाट पशुपन्छी तथा माछा पूर्ण रुपमा वा आंशिक रुपमा मर्न गई व्यवसायमा क्षति भएमा,

(ग) पशुपन्छीको गोठ, खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा र

(घ) बालीबस्तु विशेष, पशुपन्छी तथा मत्स्य पालन व्यवसायमा प्रयोग हुने मेशिनरी उपकरणको क्षति भएमा।

७. <u>राहत अनुदान सहयोग रकम उपलब्ध गराउने आधारः</u> (१) आपतकालिन अवस्थाबाट भएको देहाय बमोजिमको क्षतिलाई आधार मानी राहत सहयोग प्रदान गरिनेछ ।

(क) कृषि बालीवस्तु विशेष क्षेत्रको हकमा उत्पादन देखि बजारीकरणको अवस्थासम्म पूर्ण रुपमा वा आंशिक रुपमा नोक्सानी भएमा उत्पादन लागत अनुमानको आधारमा मात्र,

(ख) पशुपन्छी क्षेत्रको हकमा विपद्को घटनाबाट पशुपन्छी तथा माछा पूर्ण रुपमा वा आंशिक रुपमा क्षति भई व्यवसायमा क्षति भएमा लाग्ने लागत अनुमानको आधारमा मात्र,

(ग) पशुपन्छीको गोठ, खोर र माछा पोखरी पूर्ण वा आंशिक रुपमा क्षति भएमा लाग्ने लागतको आधारमा मात्र र,

(घ) वाली वस्तु विशेष, पशुपन्छी तथा मत्स्यपालन व्यवसायमा प्रयोग हुने मेशिनरी उपकरणको क्षति भएमा लाग्ने लागतको प्रतिशतको आधारमा मात्र,

(ङ) सम्बन्धित कार्यालयवाट अनुसूची-१ बमोजिम अनुमानित लागत तयार पारी प्रमाणित गराई पेश गर्नुपर्ने ।

(२) यस कार्यविधिको दफा ६ उपदफा १ को खण्ड क, ख, ग र घ को आधारमा लागत अनुमान अधिकतम सिमा रकम भन्दा बढी भएको खण्डमा अधिकतम सीमाभित्रको रकम मात्र उपलब्ध गराईनेछ ।

(३) आकस्मिक तथा आपतकालिन अवस्थामा भएको देहायका बमोजिमको क्षतिलाई राहत सहयोग प्रदान गराईने छैनः

(क) कृषिको कुनै पनि उपक्षेत्रमा तत्काल आंशिक वा पूर्ण भौतिक क्षति भई उत्पादनका प्रतिकूल असर नपर्ने प्रमाणित भएमा कसैलाई पनि राहत रकम उपलब्ध गराईने छैन,

(ख) कृषिको कुनै पनि उपक्षेत्र बाहेक अन्य क्षेत्र जस्तै वन पैदावार, जडीबुटी र जङ्गली जनावर आदिमा राहत रकम उपलब्ध गराईने छैन,

(ग) विमा गरिएको हकमा रकम उपलब्ध गराईने छैन ।

(घ) विमावाट रकम प्राप्त भएमा राहत रकम उपलब्ध गराईने छैन ।

(४) एकल व्यक्तिगत फर्मलाई रु. १० लाख भन्दा बढी राहत उपलब्ध गराईने छैन ।

## परिच्छेद -३

## राहत रकम सञ्चालन व्यवस्था र खर्च प्रक्रिया

८. राहत सहयोग रकम उपलब्ध गराउनेः (१) प्रकोपबाट कृषि तथा पशुपन्छी क्षेत्र तथा उपक्षेत्रमा क्षति भएको पाईएमा देहाय बमोजिमको राहत रकम प्रदान गरिने छ । पिडित कृषकले अनुसूची-२ बमोजिमको निवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्नेछ ।

| क.स | क्षेत्र वा उपक्षेत्र | क्षतिको अवस्था | रकम उपलब्ध गराउने आधार | अधिकतम सिमा |
|---|---|---|---|---|
| (क) | खाद्यान्न बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| (ख) | तरकारी बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु पचास हजार प्रति हेक्टर |
| (ग) | फलफूल बाली | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| (घ) | च्याउ खेती | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु दस हजार प्रति टनेल |
| (ङ) | मौरी पालन | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु एक हजार प्रति गोला |

| | | | | |
|---|---|---|---|---|
| (च) | रेशम पालन | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु तीस हजार प्रति हेक्टर |
| (छ) | मौरी घार | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु एक हजार प्रति घार |
| (ज) | गाई, भैंसी, घोडा, खच्चड | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु बीस हजार प्रति गोटा |
| (झ) | बंगुर, पाठापाठी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु दश हजार प्रति गोटा |
| (ञ) | पाडा, पाडी र बाच्छा, बाच्छी | मरेमा | उमेर र लागत अनुमानका आधारमा | एक वर्षमुनी रु पाँच हजार सम्म एक वर्ष माथि रु दश हजार प्रति संख्या |
| (ट) | भेडा र बाख्रा | मरेमा | उमेर र लागत अनुमानका आधारमा | रु पाँच हजार प्रति संख्या |
| (ठ) | श्रम गर्ने पशु | अपाङ्ग भएमा | क्षति र लागत अनुमानका आधारमा | रु दस हजार प्रति गोटा |
| (ड) | माछा भुरा | मरेमा | साइज र लागत अनुमानका आधारमा | रु एक प्रति गोटा |
| (ढ) | माछा | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु पचास हजार प्रति हेक्टर |
| (ण) | लोकल कुखुरा/ गिरीराज | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु दुई सय पचास प्रतिगोटा |
| (त) | लेयर्स | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु दुई सय प्रति गोटा |
| (थ) | ब्रोईलर | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु एक सय प्रति गोटा |
| (द) | अष्ट्रिच | मरेमा | तौल र लागत अनुमानका आधारमा | रु तीन हजार प्रति गोटा |
| (ध) | पशु गोठ | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट रु १०० |
| (न) | बाख्रा खोर | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति वर्ग फिट रु १०० |
| (प) | कुखुरा खोर | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | प्रति स्क्वायर फिट बढीमा रु ५० |
| (फ) | माछा पोखरी | पूर्ण वा आंशिक | क्षति र लागत | रु १ लाख सम्म |

| | | | | |
|---|---|---|---|---|
| | | रुपमा | अनुमानका आधारमा | प्रति हेक्टर |
| (ब) | अन्य पूर्वाधार तथा उत्पादन सामग्री | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | रु पचास हजार सम्म |
| (भ) | अन्य कृषि तथा पशुपन्छी | पूर्ण वा आंशिक रुपमा | क्षति र लागत अनुमानका आधारमा | समितिले तय गर्ने |

(२) सरकारी र स्थानीय तहको दररेट अनुसार लागत रकम तय गरिनेछ ।

(३) प्रहरी मुचुल्का र स्थलगत अनुमानका आधारमा क्षति भएको क्षेत्रफल र संख्यालाई आधार मानिनेछ ।

(४) कृषि तथा पशुपन्छी क्षेत्र वा उपक्षेत्रमा अधिकतम सिमाभन्दा बढी रकम उपलब्ध गराईने छैन ।

(५) राहत रकम प्रकोपबाट कृषि क्षेत्रमा क्षति पुगेको संस्था, फर्म, समुदाय, व्यक्ति वा निजको परिवारलाई मात्र राहत रकम उपलब्ध गराईनेछ ।

(६) विपदवाट क्षति पुगेमा पिडितले तुरुन्त नजिकको प्रहरी कार्यालय र सम्बन्धित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु पर्नेछ।

(७) आवश्यक परेमा मन्त्रालयले प्राविधिक टोली बनाई स्थानीय तहको सहयोगमा निरीक्षणको लागि प्रभावित क्षेत्रमा पुगी आवश्यक जानकारी लिनेछ ।

(८) राहत व्यवस्थापन सिफारिस समितिले निर्णय प्रतिलिपी सहित मन्त्रालयमा राहतका लागि सिफारिस गर्न सक्नेछन्।

९. <u>भुक्तानी विधिः</u> यस कार्यविधि बमोजिम उपलब्ध गराइने राहत सहयोग रकम देहाय अनुसार भुक्तानी गरिनेछ ।

(क) अनुसूची-३ बमोजिम भुक्तानीको लागि संलग्न कागजातहरु पेश भएपछि मन्त्रालयबाट स्वीकृत पश्चात स्वीकृत रकम सम्बन्धित निवेदकको बैंक खातामा पठाइनेछ ।

(ख) संघीय सरकार, स्थानीय तह र अन्य निकायबाट राहत अनुदान रकम प्राप्त व्यक्ति वा फर्मलाई दोहोरो पर्ने गरी राहत रकम उपलब्ध गराइने छैन ।

(ग) राहत रकम भुक्तानी हुनुपूर्व सम्बन्धित निवेदकले संघीय सरकार, स्थानीय तह र अन्य निकायबाट राहत रकम नलिएको प्रतिवद्धता लिई तत पश्चात मात्र भुक्तानी गरिनेछ ।

(घ) खण्ड (क) बमोजिम रकम भुक्तानी प्रक्रियाको क्रममा वा भुक्ती भइसकेपछि झुठा ठहरिएमा रकम रोक्का राखिने वा सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद- ४

## विविध

१०. **सरकारी बाँकी सरह असुल उपर हुने:** कसैले कार्यविधि बमोजिम राहत रकम भुक्तानी भइसकेपछि झुठा ठहरिएमा बैंकमा पत्र लेखी रकम रोक्का राखिने वा राहत रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११. **अनुगमन गर्नुपर्ने:** कार्यक्रमको अनुगमन निरीक्षण सम्बन्धी व्यवस्थाहरु देहायबमोजिम हुनेछः

(क) कार्यालय, निर्देशनालय र मन्त्रालयले कार्यविधि बमोजिम उपलब्ध गराइएको कार्यक्रम अनुगमन गर्न सक्नेछ।

(ख) कार्यक्रमको अनुगमन गरेको खण्डमा प्रतिवेदन माथिल्लो निकायमा उपलब्ध गराउनु पर्नेछ।

(ग) कार्यक्रमको अनुगमन गर्दा वा यस सम्बन्धी कामको सिलसिलामा खटाइएको कर्मचारीको दैनिक भ्रमण भत्ता नियमानुसार यसै कार्यक्रमबाट उपलब्ध गराइनेछ।

१२. **कार्यविधिको अन्तिम व्याख्या:** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बुँदाहरु बाझिन गएमा मन्त्रालयले अन्तिम व्याख्या गर्न सक्नेछ ।

१३. **कार्यविधि संशोधनः** (१) यस कार्यविधि कार्यान्वयनमा केही बाधा व्यवधान आइपरेमा वा विवाद उत्पन्न भएमा सोको संशोधन मन्त्रालयले गर्न सक्नेछ।

(२) यो कार्यविधि मन्त्रालयले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

अनुसूची-१

(दफा ७ को उपदफा १ बमोजिम)

## अनुमानित लागत विवरणको ढाँचा

पीडित कृषकको नामः ठेगानाः

क्षेत्र/उपक्षेत्रः लगाएको क्षेत्रफल वा संख्याः

क्षतिको कारणः क्षतिको अवस्थाः

क्षति अवधिसम्म लागत रकमः

| क्र.सं | विवरण | इकाई | परिमाण | दर | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | उत्पादन सामाग्री खर्च रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख. | मेशिनरी औजार खरिद गरेको रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ग. | पूर्वाधार निर्माण खर्च रकम | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | कूल जम्मा | | | | | |

........................ .................... ................

तयार गर्नेको सहि सिफारिस गर्नेको सहि प्रमाणित गर्नेको सहि

अनुसूची-२

(दफा ८ को उपदफा १ बमोजिम)

**निवेदनको ढाँचा**

मितिः

श्रीमान् प्रमुखज्यू,

कार्यालय......,

..... ।

**विषयः राहत रकम सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा................................ विपद्ले मेरो खेत/बारी/बगैचा/फर्ममा ..........................क्षेत्रफलमा रहेको ............................ बाली/पशुपन्छी/माछा/पूर्वाधारमा आंशिक/पूर्ण रुपमा नष्ट भइ रु ......................... बराबरको अनुमानित रकम क्षति भएकोले दैवि प्रकोप उद्धार सहयोग कार्यक्रमबाट मेरो परिवारलाई प्रदेश सरकारको तर्फबाट आवश्यक राहत रकम उपलब्ध गराउन तपशील अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखी पेश गरिएको व्यहोरा अनुरोध छ ।

**संलग्न कागजातहरुः**

१. विपद्बाट भएको क्षति यकिन हुने स्थानीयको रोहवरमा भएको प्रहरी मुचुल्का,
२. नेपाली नागरिकता र जग्गाको प्रमाणित प्रतिलिपी,
३. कृषि प्राविधिकको क्षतिको मूल्याङ्कन प्रतिवेदन,
४. पीडित कृषकको बैंक खाता नं.,
५. सम्बन्धित स्थानीय तहको सिफारिस,
६. क्षति देखिने फोटो/दृष्य/बृत्तचित्र,
७. अन्य प्रमाणित प्रमाणपत्रहरुको प्रतिलिपीहरु ।

नामः

हस्ताक्षरः

ठेगानाः

## अनुसूची-३

### (दफा ८ को उपदफा १ बमोजिम)

**राहत रकम प्राप्त गर्नको लागि आवश्यक पर्ने कागजातहरु**

१. रु १० को टिकट टाँसी अनुसूची-२ अनुसारको सम्बन्धित व्यक्तिको आवेदन फारम,
२. विपद्बाट भएको क्षति यकिन हुने स्थानीयको रोहवरमा भएको प्रहरी मुचुल्का,
३. नेपाली नागरिकता,
४. कृषि प्राविधिकको क्षतिको मूल्याङ्कन प्रतिवेदन (निवेदन दिदाको बखत),
५. पीडित कृषकको बैंक खाता नं.,
६. सम्बन्धित स्थानीय तहको सिफारिस,
७. कार्यालयको सिफारिस,
८. राहत व्यवस्थापन समितिको सिफारिस,
९. क्षति देखिने फोटो/ दृष्य/ बृत्तचित्र,
१०. अन्य प्रमाणित प्रमाणपत्रहरुको प्रतिलिपीहरु,
११. विमा गरेको वा नगरेको (प्रमाण)